# जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय

सम्वत २०७६ साल पौष ३ र ४ गते विहिवार र शुक्रवारका दिन बसेको जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको वैठकबाट भएका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम छन् ।

१ लामातरा गर्खाकोट बुद्धिडाँडा सडको लागि समपुरक वजेटको व्यवस्था गर्ने ।

२ गाडी मर्मतको प्राप्त विल भुक्तानी गर्ने ।

३ सेवा परामर्श खरिदको रकम भुक्तानी गर्ने ।

४ लामातरा बुद्धी सडकको रकम भुक्तानी गर्ने ।

५ ग्रामीण सामादायियक विकास कार्यक्रममको विस्तृत कार्यक्रम स्वीकृत गर्ने ।

६ अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान अन्तरगत राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रमको विस्तृत कार्यक्रम स्वीकृत गर्ने ।

७ समायोजन तथा लोक सेवा आयोगबाट सिफारिस भएर गाउँपालिकामा आएका स्वास्थ्य सेवा लगायतका सवै सेवा समूह उपसमूह तह पदका कर्मचारीहरुलाई हाजिर गराई तलव भत्ता सुविधा भुक्तानी गर्ने ।

८ हालसम्म कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको २०७६ असार मसान्त सम्म म्याद थप गर्ने ।

९ राम जानकी प्राथमिक विद्यालय पानीमूल जुनीचाँदे ११ विद्यालय मर्मत भुक्तानी दिने ।

१० सुवर्ने चौवारी हिल्या सडक निर्माण जुनीचाँदे ९ भुक्तानी गर्ने ।

११ स्वास्थ्य सेवाका कर्मचारी व्यवस्थापन गर्ने तथा सेवा करारमा लिने ।

१२ रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को दफा ६ (क) वमोजिमक रोजगार संयोजक पदपूर्ति समिति संयोजक निजामाती सेवाको उप सचिव श्री ललित विक्रम सिंह र वुदाँ ख बमोजिमको सदस्य अधिकृत छैठौं श्री जयराम घर्ती लाई तोक्ने ।

१३ वोलपत्र आह्वान गर्दा आदर्श प्रावि साकिया हुनु पर्ने अन्यथा भएको यसै निर्णयद्धारा सच्चाउने ।

१४ आर्थिक वर्ष २०७६।०७७ को वहुक्षेत्रीय पोषण योजना कार्यक्रम स्वीकृत गर्ने तथा पोषण स्वयं सेवक श्री हरी वहादुर बुढालाई उजुरी प्रशासकमा खटाउने र यस कार्यालयमा कार्यरत सामाजिक परिचालक काँशिराम न्यौपानेलाई पोषण स्वयं सेवक पदमा तोक्ने र कम्प्युटर अपरेटर लोक बहादुर बुढालाई प्रशासन सहायकमा खटाउने ।

१५ राहत प्रदान गर्ने ।

१६ अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत सशर्त अनुदानको एकिकृत बाल स्वास्थ्य एवं खोप केन्द्र निर्माण कार्यक्रमबाट खोप केन्द्र वडा नं ५ मटेलामा निर्माण गर्ने ।

१७ गाउँ शिक्षा समिति मजकोट, जाजरकोटको मिति २०७६।०९।०३ गते बसेको बैठको निर्णयअनुसार नेपाल सरकार बाट प्राप्त भएका यस गाउँपालिकामा सर्शत अनुदान तर्फको आ.व.२०७६।०७७ को विद्यालय भौतिक सुविधा विस्तार तर्फको २ कोठे भवन (संख्या ७) र शौचालय (संख्या ३) यस गाउँपालिका अन्तरगत रहेका विभिन्न विद्यालयहरुलाई वितरण गर्ने निर्णय गरेकोले सोको निर्णय यस गाउँ कार्यपालिकाको मिति २०७६।०९।०३ गते बसेको बैठकले सर्वसहमत अनुमोदन गर्ने ।

१८ अध्यक्ष श्री कृष्ण बहादुर के सीले प्रस्तुत गर्नु भएको यस जुनीचाँदे गाउँपालिकाको वडा नं. ६ मा आयोजना व्यवस्थापन खर्चबाट व्यहोर्ने गरी दारताछे मुहान देखि जनजाती माथिल्लो टोल खानेपानी मर्मत रु एक लाख विनियोजन गर्ने निर्णय गरियो।

१९ अध्यक्ष श्री कृष्ण बहादुर के सीले प्रस्तुत गर्नु भएको यस जुनीचाँदे गाउँपालिकाको वडा नं. ९ मा टाराछहरा काठे पुल निर्माणको लागि आयोजना व्यवस्था खर्चबाट व्यहोरने गरि १५०००० विनियोजन गर्ने प्रस्ताव प्रस्ताव वमोजिम गर्ने ।

२० आर्थिक वर्ष २०७६।०७७ वार्षिक विकास कार्यक्रम अन्तरगतका सम्पूर्ण परामर्श सेवाहरु लिने।

सम्वत २०७६ साल पौष ३ र ४ गते विहिवार र शुक्रवारका दिन बसेको जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको वैठकबाट भएका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम छन् ।

२१ रोभिङ अ न मीबाट वडा नं ९ को लाँता, वडा नं १ को देउली र वडा नं ११ को चैते सेवा प्रदान गर्ने।

२२ नरमरा लुहादह मावि कोर्ताङ जुनी जुम्ला सडक पहिरो सफाईको कार्य भुक्तानी दिने ।

२३ प्रधानमन्त्री रोजगारको कार्यक्रमको लागि यस गाउँपालिमा संकलन गरी EMIS मा प्रविष्ट नामवली स्वीकृत गर्ने ।

२४ प्रधानमन्त्री रोजगारको लागि कार्यक्रम स्वीकृत गरी प्रणालीमा प्रविष्ट गर्ने निर्णय गरियो ।

२५ आयोजनाहरुको फरफारक गरी भुक्तानी गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित शाखाबाट उपलब्ध हुनेछन ।

JCRM